उपसंघनायक, अग्गमहापण्डित, धम्माचरिय
डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरले मणिमण्डप महाविहारमा
२०४४ सालको गुँला धर्मदेशनाको क्रममा
श्रावण २६, भाद्र २ र भाद्र ९ गते मंगलबारका दिनहरूमा
नेपालभाषामा दिनु भएको उपदेश

Dhamma.Digital

# गौरवनीय गुरु ?

*नेपालीमा अनुवादक तथा प्रकाशक*

अनागारिका विमलज्ञाणी (धम्माचरिय)

Downloaded from http://dhamma.digita

उपसंघनायक, अग्गमहापण्डित, धम्माचरिय

**डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरले**

**मणिमण्डप महाविहारमा २०४४ सालको गुँला धर्मदेशनाको कममा**

**श्रावण २६, भाद्र २ र भाद्र ९ गते मंगलबारका दिनहरूमा**

**नेपालभाषामा दिनु भएको उपदेश**

# गौरवनीय गुरु ?

*नेपालीमा अनुवादक तथा प्रकाशक*

**अनागारिका विमलज्ञाणी (धम्माचरिय)**

Dhamma.Digital

संस्करण : प्रथम - १००० प्रति

प्रकाशन : बु.सं २५६२ ने.सं. ११३९

वि.सं. २०७५ ई.सं. २०१८

मूल्य : **धर्मदान**

Downloaded from http://dhamma.digital

# गौरवनीय गुरुको संगतले ..........

कसैको संगत राम्रो भएमा त्यो व्यक्तिको अभिवृद्धि हुन्छ र खराब संगतमा पर्न गएमा त्यो व्यक्तिको पतन हुन्छ । हामीले समाजमा भइरहेका ती घटनाहरू देखिराखेका छौं नै । संगत गरिने व्यक्ति यस उपदेशमा आइराखे अनुसार गुरुहरूमा हुनुपर्ने गुणहरू भएका व्यक्तिहरूको संगत गर्न सकेमात्र ती व्यक्तिहरूको उन्नति प्रगति हुन्छ अन्यथा चरित्रहीन गुरु, व्यक्तिको संगत गर्ने व्यक्ति पतन हुन्छ ।

असल व्यवहार भएका व्यक्तिहरूको कारणले विभिन्न समस्याहरू निराकरण भएर शान्तपूर्ण अवस्था सिर्जना भएको हुन्छ । जस्तोसुकै कठिन परिस्थितिमा पनि मनमा उदारभाव, नैतिकता, इमान्दारिता भएका व्यक्तिहरू आफू पनि समाजमा इज्जतका साथ बस्ने मौका मिलेका हुन्छन् भने अरु धेरैलाई पनि ज्ञानगुणका कुरा सिकाई उपकार गरिरहेका हुन्छन् ।

जहाज बिग्रेर मरण नजिक पुगिरहेका पानीजहाजमा सवार यात्रुहरू, जो जीवन रक्षाको लागि यताउता दौडिराखेका अरु धेरै यात्रुहरूलाई एकजना पुण्यसंचय गरिरहेका सत्पुरुष यात्रुले त्यस्तो विषम परिस्थितिमा पनि शान्तदान्त भइरहेका यात्रुको अवस्था देखेर त्यस व्यक्तिको व्यवहारबाट अरु यात्रुहरू प्रभावित भएका थिए । त्यस सत्पुरुष यात्रुले अरु धेरै यात्रुहरूलाई मन भयभीत नभइकन शान्तदान्तमा राख्न कोशिस गरेको थियो । पंचशील ग्रहण गर्न लगाई बुद्ध धर्म संघको गुण अनुस्मरणको साथै स्मृतिमा रहन लगाई भयभीत भइराखेको अवस्थाबाट टाढा राख्न सफल पनि भएको थियो । यसरी एक जना सज्जन व्यक्तिको कारणले

Downloaded from http://dhamma.digital

अरु धेरै यात्रुहरूलाई भयभीतबाट शान्त गराएको कारणले डुंगा डुबेर मरेर गएतापनि स्मृति राखी त्रिशरण ग्रहण गरी शान्तदान्तपूर्वक मृत्यु भएर गयो । मरण अवस्थाको राम्रो चित्तको कारणले ती यात्रुहरू नराम्रो गतिमा नगई देवता हुन पुगेको जुन घटना छ, त्यस अवस्थालाई विचार गरेर नै ती देवताहरूले सत्पुरुष संगतको महत्व दर्शाइ भगवान् बुद्धलाई बिन्ति गर्न आएका थिए। सत्पुरुष संगतको महत्वबारे भगवान् बुद्धले दिनु भएका उपदेशहरु स्मरणीय छन् ।

श्रद्धेय गुरुवर भिक्षु ज्ञानपूर्णिक महास्थविरले ललितपुरको मणिमण्डप महाविहारमा गुँला धर्मदेशनाको क्रममा २०४४ श्रावण २६, भाद्र २ गते भाद्र ९ गते तीनवटा मंगलबारको दिनहरूमा "धात्थेपिं गुरुपिं गुजापिं जुइमा ?" (साँच्चैको गुरु भनेका कस्तो हुनुपर्छ ?) भन्ने शीर्षकमा नेपालभाषामा दिनु भएको उपदेशको रिकर्डलाई उत्पलवर्णा गुरुमाले क्यासेटमा सुरक्षित गरिराख्नु भएको थियो । प्रविधिको विकास भइरहेको आजको समयमा धेरैलाई लाभ होस् भन्ने उद्देश्य राखी उक्त रिकर्डको पहिलो भाग २०७३ फागुन २१ गतेका दिन सामाजिक संजालमा पोष्ट भएको थियो । अन्तराष्ट्रिय बौद्ध भावना केन्द्रका निर्देशक अनागारिका विमलज्ञाणीले उक्त रिकर्ड सुनिसकेपछि वहाँ त्यसै चूप लागेर बस्नु भएन । साँच्चैको गुरु कस्तो हुनुपर्छ भन्ने सारगर्भित उक्त उपदेशलाई नेपाली दाजुभाइ, दिदीबहिनीहरूले पनि बुझ्ने अवसर मिलोस् भन्ने आशय राखी नेपाली भाषामा अनुवाद गरेर पुस्तक प्रकाशन गरी धर्मदान समेत गर्ने श्रद्धा राख्नुभयो । विरामी भएर आराम आवश्यक लिनु पर्ने अवस्थामा समेत गुरुहरूमा हुनुपर्ने गुणहरू भएको उपदेश रिकर्ड सुन्दै अनुवाद

Downloaded from http://dhamma.digital

कार्यमा निरन्तर रुपमा लाग्नुभयो । नेपाल भाषामा भएको उपदेश रिकर्ड सुन्दै नेपालीमा अनुवाद गर्नु भनेको सजिलो काम होइन । कम परिश्रमको कुरा अवश्य पनि होइन । ध्यानकेन्द्रमा योगीहरूलाई सेवा गर्ने, दाताहरूलाई संग्रह गर्ने विविध शासनिक काममा सहयोग गर्दै गर्दा पनि पुस्तक अनुवादको लागि समय व्यवस्थापन गर्नुभएको कारणले आज यो महत्वपूर्ण पुस्तिका हामीले अध्ययन गर्ने मौका पाइरहेका छौं । यसको लागि अनुवादिका तथा प्रकाशिका अनागारिका विमलञाणी गुरुमांलाई धेरै साधुवाद दिन चाहन्छु र शासनिक काममा अझ धेरै सेवा गर्न सकोस् भन्ने मंगलमैत्री कामना व्यक्त गर्न चाहन्छु ।

सानो पुस्तिका भएपनि अतिनै महत्वपूर्ण विषय भएको कारणले हामीहरूले यस पुस्तिकालाई दोऱ्याइ तेऱ्याइ राम्ररी अध्ययन गरी आफूमा साँच्चै गुरु बन्नको लागि चाहिने गुणहरू विकास गरी आफू राम्रो बनी अरु धेरैलाई पनि उपकार गर्न सकौं भन्ने आशिका गर्न चाहन्छु ।

नेपालभाषामा उपदेशक श्रद्धेय गुरुवर ज्ञानपूर्णिक भन्ते सहित अनुवादिका विमलञाणी गुरुमाको साथै यस पुस्तक समयमै प्रकाशन गरी सहयोग गर्नु हुने आइडियल प्रेसका दीपक तथा बिनोद महर्जन र प्रेस परिवारलाई पनि निरोगी, सुस्वास्थ दीर्घायुको कामना गर्न चाहन्छु ।

चिरं तिट्ठतु बुद्धसासनं ।

**भिक्षु बोधिज्ञान**
उपप्रमुख, विश्व शान्ति विहार
२०७५ कार्तिक २८ सोमबार

Downloaded from http://dhamma.digital

# गौरवनीय गुरु ?

**पियो गरू भावनीयो, वत्ता च वचनक्खमो ।**
**गम्भीरञ्च कथं कत्ता, नो चट्ठाने नियोजको ।**
**यम्हि एतानि ठानानि, संविज्जन्तिध पुग्गले ।**
**सो मित्तो मित्तकामेन, अत्थकामानुकम्पतो ।**
**अपि नासियमानेन, भजितब्बो तथाविधो ।**

भगवान् बुद्धद्वारा देशित उपदेशहरू यो गुँला महिनाभित्रमा विभिन्न भन्तेहरू मार्फत् श्रवण गर्दै आउनुभएको छ । यहाँहरूले धेरै कुराहरू सुनिसक्नुभयो, जसअनुसार भगवान् बुद्धको उपदेश के हो ? वहाँको उपदेश अनुसार हामीले के गर्नुपर्छ, कसरी बस्नुपर्छ, रहनुपर्छ आदि कुराहरू सबैले बुझिसकेकै हुनुपर्छ । ती उपदेशहरू श्रवण गरेर मात्र पुग्दैन, बुझेर मात्र पनि पुग्दैन, आफ्नो व्यावहारिक जीवनमा उतार्न सके मात्र, प्रयोग गर्न सके मात्र त्यसले हामीलाई उपकार गर्नेछ, हाम्रो जीवनलाई माथि पुऱ्याइदिनेछ, गतिलो बनाइदिनेछ, राम्रो बनाइदिनेछ, उच्च बनाइदिनेछ । त्यसकारण उपदेश भनेको एकातर्फबाट सुन्नु आवश्यक भएजस्तै अर्कोतर्फबाट बुझ्नु पनि आवश्यक छ र त्यो बुझे अनुसार व्यावहारिक जीवनमा उपयोग गर्नु पनि अत्यावश्यक छ ।



Downloaded from http://dhamma.digital

उपदेश दिन सजिलो भएता पनि, उपदेश श्रवण गर्न सजिलो भएता पनि त्यसलाई व्यवहारमा उतार्दा अनेक कठिनाईहरू हुनसक्छ। यो संसारको स्वाभाविक धर्म हो, स्वभाव हो। त्यो स्वभावबाट हामी कोही पनि पछि हट्न सक्दैनौं।

यो संसारमा उपदेश दिनेहरू एक पक्षमा छन् भने अर्को पक्षमा उपदेश सुन्नेहरू छन्। ती दुई पक्षको बीच कस्तो सम्बन्ध हुनुपर्छ, कस्तो भयो भने मात्र उपदेश दिने र सुन्ने दुई पक्षको बीचमा सौहाद्रपूर्ण सम्बन्ध रहिरहनेछ। यो कुरालाई पनि बुझिराख्नु अत्यावश्यक छ। त्यसकारण पनि तथागत बुद्धले गुरू र चेलाहरूको बीचमा हुनुपर्ने स्वभावलाई राम्ररी स्पष्टरूपमा छुट्याएर देखाइराख्नु भएको हो। त्यसैले सर्वप्रथम गुरू भनाउँदाहरू कस्तो खालको हुनुपर्छ, ती गुरूहरूबाट हामीले कस्तो लाभ, फाइदाहरू प्राप्त गर्न सक्छौं भन्ने विषयमा जानिराख्नु आवश्यक हुनेछ। कोही पनि ब्यक्तिहरू गुरूहरूमा हुनुपर्ने गुणाङ्ग नभइकन गुरू बन्न सक्दैनन्। त्यसैले गुरू हुनको लागि गुरूहरूमा हुनुपर्ने गुणाङ्ग धर्मलाई जानि बुझिराख्नु अत्यावश्यक छ।

गुरू भनाउँदाहरू अरू होइनन्, सत्पुरूषहरूको स्वभावले पूर्ण भएमात्रै गुरू भन्न लायकको हुन्छ। यदि तिनीहरूमा



Downloaded from http://dhamma.digital

सत्पुरुषहरूमा हुनुपर्ने स्वभाव छैन, सत्पुरुषहरूमा हुनुपर्ने गुणाङ्गहरू केही पनि देखिदैन भने नाम मात्रको गुरू हुन्छन् । साँच्चैको गुरू हुन सजिलो छैन । त्यसकारण भगवान् बुद्धले आज्ञा भइराख्नु भएको छ कि यो संसारमा उचित व्यक्तिहरू छन्, कल्याणमित्रहरू छन्, सत्पुरुषहरू छन् । त्यसरी उचित व्यक्ति, कल्याणमित्र, सत्पुरुष हुन लायक बन्नको लागि सात प्रकारका गुण धर्महरू उनीहरूमा हुनुपर्छ ।

**"सत्तहि भिक्खवे धम्मेहि समन्नागतो भिक्खु मित्तो सेवितब्बो भजितब्बो पयिरूपासितब्बो अपि पमनुज्जमानेनपि ।"**

कसलाई मित्र अथवा साथी भनिन्छ ? खाने लाउने जाने बस्ने बेलामा सधैं सँगसँगै गइराख्ने व्यक्तिलाई मात्र साथी भनिदैन । यहाँनिर साथी वा मित्र भन्नाले जोसँग अरूलाई राम्रो बनाउने विचार छ, अरूलाई सुख दिने विचार छ, आनन्द दिने विचार छ, शान्ति दिने विचार छ । अरूलाई सधैं सुख आनन्द, शान्ति र सुविधा दिने विचार भएको त्यो व्यक्तिलाई साथी वा मित्र भनिन्छ । जुन व्यक्तिले आफुलाई राम्रो असल बाटो देखाइदिन्छ, ठूलो हुने बाटो देखाइदिन्छ, आफूलाई सही राम्रो ठाउँमा पठाउँछ, त्यो व्यक्ति साँच्चैको साथी वा मित्र वा गुरू भन्न सुहाउने व्यक्ति हुनजान्छ । त्यसकारण भगवान्



Downloaded from http://dhamma.digital

बुद्धले सात प्रकारका गुण धर्महरूले सम्पन्न हुनसके मात्रै त्यो व्यक्ति यो संसारमा साँच्चै नै गुरू भन्न लायकको हुनेछ । यदि सात गुण धर्महरू त्यो व्यक्तिमा छैन भने गुरू भन्न लायकको हुन सक्दैन भनेर आज्ञा भइराख्नु भएको छ ।

ती सात गुणले युक्त भएका व्यक्तिहरू भयो भने के गर्नुपर्छ त भन्दाखेरि सेवितब्बो - सेवन गर्न सक्नुपर्छ, सँगै बस्न सक्नुपर्छ । उनीहरूसँग मित्रताको व्यवहार बनाइराख्न सक्नुपर्छ । भगवान् बुद्धले भजितब्बो भन्ने शब्द पनि प्रयोग गरिराख्नु भएको छ । भजितब्बो - भोग गर्नुपर्छ, सत्संगत गर्नुपर्छ । पयिरूपासितब्बो - आफ्नो कल्याण होस् भन्ने चाहना राख्ने ती व्यक्तिहरूको सेवा पनि गर्नुपर्छ । कति हदसम्म सेवा गर्नुपर्छ भन्दाखेरि अति पनुज्जमानेनपि - तिमी मकहाँ नबस भनेर गाली गरी धम्क्याएता पनि, मकहाँ कहिले पनि नआउ भनेर लखेटेर पठाएता पनि त्यो व्यक्तिलाई नछोड्नु भनेर भनिराखेको छ । किन त ? उसले गाली गरेको, उसले अर्ति उपदेश दिएको, उसले धम्क्याएको हामीलाई बिगार्न, नराम्रो हुन दिनको लागि हैन । हामीलाई राम्रो बनाउनको लागि नै त्यसरी गाली गर्ने, धम्क्याउने, अर्ति उपदेश दिने भएकोले 'यहाँबाट जाउ' भनेर निकालेर पठाएता



Downloaded from http://dhamma.digital

पनि रिसाएर निस्केर नजानु भनिराखेको छ। यतिसम्म सहेर कल्याणगुणले युक्त भएकाहरू अथवा सात गुण धर्मले सम्पन्न भएकाहरूको सेवन गर्नुपर्छ, भोग गर्नुपर्छ, उनीहरूको सेवा गर्नुपर्छ भनेर भगवान् बुद्ध स्वयंले भिक्षुहरूलाई आज्ञा भइराख्नु भएको छ।

भगवान् बुद्धले सात वटा गुण भनेर संख्या मात्र भन्नु भएको छ, ती सात गुणहरू के के हुन् भनेर भनिसक्नु भएको छैन। त्यसैले वहाँ आफैले प्रश्न गर्नुभएको छ - कतमेहि सत्तहि, सात गुणहरू भनेका के के हुन् ? त्यसमा सबैभन्दा पहिलो गुण पियो हो। प्रियगुण हुनुपर्छ। मन पराउन लायकको गुण हुनुपर्छ। कसैले कसैलाई मन पराउनको लागि सर्वप्रथम हामीले के हेर्छौं ? त्यो व्यक्तिको चरित्र हेर्छौं, उसको बानी व्यवहार हेर्छौं, त्यो व्यक्तिमा कस्तो कस्तो गुणहरू छन् भनेर हेर्छौं। त्यसरी जुन व्यक्तिहरूको बानी व्यवहार राम्रो हुन्छ, शुद्धजीवीहरू हुन्छन्, आचरण हिसि परेको हुन्छ, चट्ट परेको हुन्छ, शील गुणधर्महरूले सम्पन्न हुन्छन्, हामी त्यस्ता व्यक्तिहरूलाई मन पराउँछौं। यहाँ मन पराउनुको मतलव तृष्णाले मन पराउनुलाई भन्न खोजेको हैन। जुनबेला आफुलाई मनपर्ने खालको हुन्छ, त्यो बेला यो एउटा मलाई मनपर्छ भनेर हामी भन्छौं, त्यसलाई तृष्णाद्वारा मन पराउने



Downloaded from http://dhamma.digital

भनिन्छ । यसमा त्यसको गुणलाई परिक्षण गरेर हेर्ने स्वभाव छैन । आफुलाई असल बनाउने व्यक्ति हो भनेर नाता जोड्ने अवस्थामा उसमा भएको गुणलाई हेर्नु अति आवश्यक छ । त्यसैले तृष्णाले हेरेर त्यो व्यक्ति मलाई मन पऱ्यो भन्नु भन्दा पनि त्यो व्यक्तिमा मन पराउन लायकका गुणहरू के के छन् भनेर हेर्न जान्नु, परिक्षण गर्न जान्नु अति नै राम्रो लक्षण हो । त्यसकारण हामीले कुनै व्यक्तिलाई आफ्नो गुरू भन्ने अवस्थामा गुरूहरूमा हुनुपर्ने, माया गर्न लायकका गुणहरू के कति छन् भनेर हेर्न जान्नुपर्छ ।

जुन व्यक्तिलाई हामी गुरू मान्छौं, त्यो व्यक्तिमा शीलको दृष्टिकोणले हेर्ने बेलामा, सदाचार सभ्यताको दृष्टिकोणले हेर्ने बेलामा कस्ता गुणहरू छन्, त्यो व्यक्तिको कायिककर्म शुद्ध छ कि छैन, वाचिककर्म शुद्ध छ कि छैन, शरीरबाट नराम्रो काम गर्ने, वचनबाट नराम्रो बोली बोल्ने व्यक्ति हो कि, विचार गरेर यदि त्यो व्यक्तिको शारीरिक कर्महरू शुद्ध छन्, शुद्ध कर्महरू गर्छ, कहिले पनि अशुद्ध कर्महरू गरेको देखिदैंन भने त्यो व्यक्ति भगवान् बुद्धको दृष्टिकोणमा प्रिय व्यक्ति हुन् । त्यति मात्र हैन, वचनद्वारा पनि कतिसम्म शुद्ध छ, झूठो, मिथ्या कुरा नबोल्ने, अरूलाई कडा वचन नबोल्ने, अरूको चित्त



Downloaded from http://dhamma.digital

दुख्ने गरी नबोल्ने, परस्परमा राम्रो मेलमिलाप भएका दुई व्यक्तिहरूको बीचमा फाटो आउने गरीकन चुगली नगर्ने, कहिले पनि केही फाइदा नभएका निरर्थक कुराहरू, रमझम गर्नको लागि मात्र प्रिय हुने शब्दहरू प्रयोग नगर्ने व्यक्तिलाई वाचिक शुद्धता भएको व्यक्ति भनिन्छ। त्यस्तो शुद्धता गुरू बन्ने व्यक्तिमा छ कि छैन, हेर्न सक्नुपर्छ। यदि शीलगुणधर्मद्वारा यी गुणाङ्गहरू त्यो व्यक्तिमा छन् भने त्यो व्यक्ति प्रिय व्यक्ति हुन्छ भनेर भगवान् बुद्धले आज्ञा भइराख्नु भएको छ।

भगवान् बुद्धले फेरि आज्ञा हुनुभयो- प्रिय गुण भएर मात्रै पुग्दैन, गरू - गौरव राख्न लायकको पनि हुनुपर्छ। कुनै व्यक्तिलाई गौरव राख्ने भन्ने बित्तिकै अघि भनेर आएका स्वभावधर्महरू त्यो व्यक्तिमा छ कि छैन भनेर सर्वप्रथम हेर्छौं । जोसुकै व्यक्तिलाई पनि गौरव, सत्कार, सन्मान गर्ने स्वभाव हामीमा हुँदैन । कुनै व्यक्तिलाई गौरव राख्ने, मान्ने बेलामा उमेरको हिसाबले मान्न लायकको व्यक्ति हो कि, गुरूको हिसाबले मान्न लायकको व्यक्ति हो ? विचार गर्न सक्नुपर्छ। कहिलेकाँही घरमा आफूभन्दा ठूलाबडाहरू हुने बेला स्वभावतः नै वयोवृद्ध भएको कारणले उनीहरूलाई गौरव राखिराखेका हुन्छौं। मान राखिराखेका हुन्छौं। यो गृहस्थ जीवनअनुसार



Downloaded from http://dhamma.digital

गर्नुपर्ने मान्यता हो । तर धार्मिक दृष्टिकोणबाट विचार गर्दा उमेरले ठूलो भएकैले मात्र गौरव राख्नुपर्छ, मान्नुपर्छ भनेर देखाइराखेको छैन । सर्वप्रथम त कसलाई गौरव राख्ने भन्ने विषयमा जसको चरित्र राम्रो, असल छ, जसमा कुनै दोष, गल्तीहरू देखिंदैन, जसमा गम्भीरता हुन्छ, सदाचार हुन्छ, बानी व्यवहार राम्रो हुन्छ । त्यस्तो व्यक्तिलाई स्वाभाविक रूपमा हामीले आदरको दृष्टिले हेरिराखेका हुन्छौं, गौरव राखिराखेका हुन्छौं । त्यस्तो आदरगौरव राख्न लायकको गुण पनि गुरू भनाउँदाहरूमा हुनु आवश्यक छ ।

त्यसपछि भगवान् बुद्धले आज्ञा हुनुभयो - भावनीयो च - भाविता गर्न लायकको पनि हुनुपर्छ । गुरूहरूमा जुन आफ्नो शिष्यहरूप्रति, चेलाचेलीहरूप्रति मैत्रीभाव रहिरहेको हुन्छ, दया माया हुन्छ, करूणा रहिरहेको हुन्छ, आफ्नो शिष्य, चेलाहरूको राम्रो हुने अवस्थामा, जान्ने सुन्ने भएर आउने अवस्थामा खुशी हुने, हर्ष हुने स्वभाव हुन्छ । त्यो हर्षित हुने स्वभाव हुनुलाई नै भावनीय गुण भनेर भनिन्छ । भावनीय - भाविता गर्न लायकका, बारम्बार स्मरण गर्न लायकका व्यक्तिहरू । शिष्य चेलाहरूको दृष्टिकोणबाट पनि आफ्नो गुरूप्रति सधैं श्रद्धा र मैत्रीभावले हेर्नसक्ने स्वभाव हुनु आवश्यक छ ।



Downloaded from http://dhamma.digital

मैत्री भन्ने बित्तिकै यहाँ हामीले के बुझ्नुपर्छ त भन्दा शुद्ध विचारद्वारा मन पराउने स्वभावलाई नै मैत्री भनिन्छ। यसमा कुनै प्रकारको स्वार्थ भावना हुँदैन। द्वेष भावना हुँदैन। रागको स्वभाव हुँदैन। केवल कसरी हामीले त्यो व्यक्तिलाई सुखसुविधा दिन सक्छौं, कसरी शान्तिपूर्ण रूपले राख्न सक्छौं भन्ने मनमा कुनै नराम्रो स्वभाव नहुने गरी मनबाट निस्किरहने त्यो स्वभावलाई मैत्री भनिन्छ। गुरू बन्ने व्यक्तिहरू त्यस्तो मैत्रीभाव राख्न लायकका व्यक्तिहरू हुनुपर्छ। जसरी आफ्नो शिष्यहरूप्रति मैत्रीभाव हुन्छ, त्यस्तै शिष्यहरूको मैत्रीभावलाई ग्रहण गरिलिने भावनीय गुण गुरूहरूमा हुनु आवश्यक छ।

यसरी गुरू बन्ने व्यक्ति प्रिय गुणले पनि युक्त छ, गौरवमय गुणले पनि युक्त छ, मैत्री राख्न लायकको भावनीय गुणले पनि युक्त छ भने उसमा अरू के गुणले पनि युक्त हुनुपर्छ त भन्दा भगवान् बुद्धले वत्ता च भनिराख्नुभएको छ। वक्ता पनि हुनुपर्छ। यहाँ वत्ता अथवा वक्ता भन्नाले धेरै बोल्न जान्नेलाई भन्न खोजेको हैन। जबसम्म हाम्रो जीवन शुद्ध हुँदैन, स्वच्छ अवस्थामा पुगेका हुँदैनौं, मानसिक क्लेशलाई हटाउन सकेका हुँदैनौं, तबसम्म हामी पूर्णरूपले शुद्ध भयौं, स्वच्छ भयौं, अब हामीमा कुनै दोषहरू छैनन्, कसैले पनि निन्दा गराइराख्ने



Downloaded from http://dhamma.digital

अवस्था छैन भन्ने गुण हामीमा हुँदैन। पृथग्जनको रूपमा, साधारण मनुष्यको रूपमा रहिरहुञ्जेल चाहे श्रमण होस्, चाहे गृहस्थ होस्, चाहे चीवरवस्त्रधारी होस्, चाहे कमिज पाइन्ट लगाउने व्यक्ति नै होस्, मानिसहरूमा गल्ती गर्ने स्वभाव त रहिरहेको नै हुन्छ। त्यसैले शिष्यहरूले त्यस्तो गल्ती गर्ने अवस्थामा गुरू भनाउँदाहरू मैले यसो भन्यो भने शिष्यहरूले मेरो कुरा सुन्ने छैन, उनीहरू रिसाउँछन् होला, रिसाएर मलाई छोडिजाँलान् भनेर अलिकति पनि डर नलिइकन, चिसोपन ननिकालिकन भन्नुपर्ने अवस्थामा, अर्ति उपदेश दिनुपर्ने अवस्थामा नहिचकिचाइकन सीधा सीधा अर्ति उपदेश दिने क्षमता, गाली गर्नुपरे गाली गर्ने क्षमता गुरूहरूमा हुनुपर्छ। यस्तो गुणलाई वत्ता अथवा वक्ता भनेर भनिन्छ । वत्ता - भन्न सक्ने क्षमता भएको व्यक्ति। जब यो गुण गुरूहरूमा हुन्छ, अनि मात्र उनीहरू साँच्चैको कल्याणमित्रको रूपमा अगाडि उभिनसक्ने हुन्छन् । जबसम्म आफ्नो चेलाचेलीहरूको गल्तीलाई औंल्याउन सक्दैन, उनीहरूको त्रुटि औंल्याइदिन डराउने, त्रसित हुने स्वभाव हुन्छ, पख न, भरे भनौंला, भोलि भनौंला, आज भन्नलाई ठीक समय हैन इत्यादिरूपमा पछि हटिराख्ने स्वभाव, हिचकिचाउने स्वभाव गुरूहरूमा हुन्छ, तबसम्म आफ्नो शिष्यहरूलाई सुधार गर्न सक्दैन।



Downloaded from http://dhamma.digital

साँच्चै गुरू हुने व्यक्तिमा शिष्यहरूलाई गाली गर्दाखेरि त्यत्तिकै गाली गर्ने मात्र हैन, उनीहरूको बानी व्यवहार सुधार गरी जीवन राम्रो बनाउनको लागि, उनीहरूको भलो गर्नको लागि, उनीहरूको आँखा खुलाइदिनको लागि अर्ति उपदेश दिने क्षमता, त्यो क्षमतालाई नै वत्ता भनेर भनिन्छ । यो गुण घरको मुखिया भनाउँदा व्यक्तिहरूमा आमाबुबाहरूमा पनि हुनुपर्छ । घरमा आफू भन्दा सानाहरूलाई, छोराछोरीहरूलाई आवश्यक अववाद, उपदेश दिनुपर्छ । दोष अदोषलाई देखाएर 'हेर, यस्तो काम गरेकोले यस्तो फल भोग्नुपर्‍यो । आइन्दा यस्तो यस्तो कामहरू नगर्नु है ' भनेर भन्न सक्ने क्षमता आमाबुबाहरूमा हुनुपर्छ । अनि मात्र आफ्ना छोराछोरीहरूको बानी व्यवहारमा सुधार ल्याउन सकिन्छ, सहीमार्गमा पुर्‍याउन सकिन्छ, अनि मात्र त्यो घर साँच्चैको रमाइलो घर हुनेछ, कुनै झैझगडा खटपट नभएको घर हुनेछ । यदि चाहिने अर्ति उपदेश दिने क्षमता छैन भने सबैजना आफुलाई मनपर्दो तरीकाले बस्ने हुन्छ, सही, गलतलाई नजान्ने हुन्छ, सही कर्म गरूञ्जेल त ठीकै हुन्छ, दुष्परिणाम आउँदैन, तर जब गलत मार्गमा लागेको हुन्छ, त्यो बेला पनि उनीहरूलाई केही भन्न सकिएन भने छोराछोरीहरू बिग्रने बाहेक राम्रो असल हुँदैन । गुरू र



Downloaded from http://dhamma.digital

चेलाहरूको बीचमा पनि आवश्यकता अनुसार अववाद, उपदेश दिने स्वभाव छैन भने चाहे गृहस्थ जीवनमा होस्, चाहे श्रमण जीवनमा होस्, आफ्ना शिष्य, चेलाचेलीहरूमा सुधार ल्याउन सकिँदैन ।

त्यस्तै भगवान् बुद्धले गुरूहरूमा हुनुपर्ने अर्को गुण वचनक्खमलाई बताउनुभएको छ । अघि भनेर आएजस्तै चाहे गुरू होस् वा शिष्य । साधारण पृथग्जन हुञ्जेलसम्म कुनै दोष नभएका केही भूल नगर्ने व्यक्तिहरू यो संसारमा कोही पनि छैनन् । जतिसुकै ठूलो व्यक्ति भएता पनि दोषबाट अलग्ग भएर बस्नु भनेको अति नै कठिन छ । त्यसकारण आफ्ना गुरूहरूको कुनै कमी कमजोरीहरू, त्रुटिहरू देख्ने बेलामा शिष्यहरूले आफ्नो गुरूको आलोचना गर्न सक्छन् । त्यसरी शिष्यहरूले कुनै दोष देखाएर कुनै कुराहरू भन्ने बेलामा आलोचना गर्ने बेलामा साँच्चैका गुरू भनाउँदाहरूमा वचनक्खमो भनिने अरूले भनेको वचन, आलोचनालाई सहन सक्ने क्षमता पनि हुनुपर्छ । म गुरूलाई यस्तो भन्ने भनेर एकैचोटि जङ्ग् गनु हुँदैन । मेरो शिष्यहरूले मलाई किन यसो भनेको हो भनेर कारण अकारण विचार गर्न सक्नुपर्छ, आफूमा के कस्तो गल्तीहरू, त्रुटिहरू भइराखेको छ, त्यो सबै हेरेर, विचार गरेर आफूमा कुनै त्रुटिहरू भइरहेछन भने



Downloaded from http://dhamma.digital

त्यसलाई स्वीकार्न सक्नुपर्छ । मेरो शिष्यहरू त साँच्चै नै कल्याणमित्र रहेछन्, मेरो लागि नै भनिराखेका रहेछन्, ममा सुधार ल्याउन नै भनेका रहेछन् भनेर स्वीकार गरी सहन सक्ने क्षमता गुरूहरूमा हुनुपर्छ । त्यतिमात्र हैन, यदि आफूमा कुनै दोष, गल्तीहरू नभएता पनि शिष्यहरूले आलोचना गऱ्यो भने त्यसलाई पनि सहन सक्ने क्षमता हुनुपर्छ । आफूमा नभएको अवगुणलाई औंल्याइराख्ने अवस्थामा त्यसमा सही रूपरेखा देखाइ तिमीहरूले भनेको कुरा मिलेन । मैले यस्तो गरेको हुँ, तिमीहरूले त्यसलाई गलत तरीकाले हेऱ्यौ भनेर कुनै द्वेष, शत्रुभाव नराखिकन आफ्ना शिष्यहरूको शंका समाधान गर्नसक्ने, निराकरण गर्नसक्ने क्षमता गुरूहरूमा हुनु आवश्यक छ । त्यो गुणलाई नै वचनक्खम अथवा वचनक्षम - अरूले आलोचना गरेकोलाई सहन सक्ने क्षान्ति गुणले युक्त भएको क्षमता भनिन्छ । यो क्षमता भएमात्रै साँच्चैको गुरू बन्न सजिलो हुन्छ ।

भगवान् बुद्धले फेरि अर्को गुण देखाउनु भयो - गम्भीरञ्च कथं कत्ता । गुरू भनाउँदाहरू सामान्य साधारण कुराहरू जान्ने भएर मात्र पुग्दैन । साँच्चै नै गम्भीर गम्भीरका, गुह्य गुह्य, रहस्यमय, अरूले सजिलै बुझ्न नसक्ने खालको शिक्षा दीक्षालाई पनि जानी बुझिराखेका



Downloaded from http://dhamma.digital

व्यक्तिहरू हुनुपर्छ। भगवान् बुद्धको धर्म अनुसार यहाँ गम्भीर कुराहरू भन्नाले तथागतले बोधिज्ञान लाभपछि प्राप्त गर्नुभएका चतुआर्यसत्यका कुराहरू, प्रतित्यसमुत्पादको ज्ञान, आर्यअष्टाङ्गिक मार्ग, बोधिपक्षिय धर्महरू, चार स्मृतिप्रस्थान, चार सम्यक् प्रधान इत्यादि रहस्यमय, अति नै कठिन विषयहरू छन् । ती उपदेशहरू श्रुतमयको रूपमा जानिराखेका व्यक्तिहरू हुनुपर्छ, चिन्तामय ज्ञानको रूपमा पनि बुझिराखेकाहरू हुनुपर्छ, व्यावहारिक अभ्यासद्वारा पनि जानि बुझिराखेकाहरू हुनुपर्छ । त्यसैले समथभावनाले युक्त, विपस्सना भावनाले युक्त, मार्गज्ञान फलज्ञानले युक्त भएका गुरूहरूलाई गम्भीर विषयहरू जाने बुझेका व्यक्तिहरू भनेर भनिन्छ । ती गम्भीर विषयलाई जानिबुझिराख्ने मात्र कि भन्दा जानि बुझि राखेर मात्र पुग्दैन । कथं कत्ता - गम्भीर विषयको बारेमा बताउन सक्ने, स्पष्ट पार्न सक्ने व्यक्ति पनि हुनुपर्छ। अघि भनिआएका चतुआर्यसत्य, प्रतित्यसमुत्पाद, बोधिपक्षिय धर्मको बारेमा व्याख्या गर्नसक्ने, समथ विपस्सना भावना गर्ने विधि स्पष्ट पार्न सक्ने, मार्गज्ञान, फलज्ञानमा कसरी प्रतिष्ठित हुन सकिन्छ, निर्वाणलाई कसरी साक्षात्कार गर्न सकिन्छ भनेर गम्भीर गम्भीर विषयहरूलाई लिएर आफ्ना शिष्यहरू वा आफ्नो आश्रय लिएर बसिराखेकाहरूलाई



Downloaded from http://dhamma.digital

प्रष्ट प्रष्ट रूपमा व्याख्या गर्न सक्ने व्यक्ति हुनुपर्छ । यो पनि अति महत्वपूर्ण आवश्यक गुण हो ।

त्यसकारण गुरू बन्न त्यति सजिलो छैन भन्ने विषयलाई हामीले थाहा पाइराख्नुपर्छ। आजकलको जमाना त्यस्तो छैन । अलिकति जान्ने सुन्ने हुने बित्तिकै मानौं आफू जस्तो जान्ने सुन्ने विद्वान कोही नभएको जस्तो गरि एकैचोटि छिटो छिटो गुरू बन्न खोज्नेहरू धेरै छन् । आफ्नो विचार नै सबै सही, सत्य हो भन्ने मनमा राखी अभिमानले चूर भइराख्नेहरू धेरै छन् । गलत तरीकाले मार्ग निर्देशन दिइराखेका हुन्छन् । जसले गर्दा आफूलाई मात्र हानी हुने होइन, धर्मलाई समेत हानी हुन्छ, यो धर्मदेशना गर्नु हुने तथागत बुद्धलाई समेत पनि नराम्रो असर पुऱ्याउँछ । बुद्धदेशित मार्गमा शुद्धरूपले आचरण गरिराखेका संघलाई समेत ठूलो चोट पुग्ने हुन्छ। अरूलाई सही मार्ग देखाएको नभइकन गलतमार्गमा पठाइराखेको हुनसक्छ । त्यसो हुन नदिनको लागि गुरूहरू बडो नै सतर्क र होशियार हुनुपर्छ ।

त्यसकारण पनि तथागत बुद्धले सातौं अङ्गको रूपमा नो चट्ठाने नियोजको भनेर आज्ञा भइराख्नु भएको छ । आफ्ना शिष्य चेलाचेलीहरूलाई, आफ्नो आश्रय लिएर बसिराखेकाहरूलाई अट्ठाने - गलत मार्गमा, न नियोजको



Downloaded from http://dhamma.digital

- कहिले पनि नपठाउने व्यक्ति हुनुपर्छ । कहिलेकोही गुरू भनाउँदाहरू आफ्नो निजी स्वार्थको लागि आफ्ना शिष्यहरूलाई गलत काममा लगाउनेहरू पनि हुनसक्छन् । बुद्धको जीवनकालको घटनालाई हेर्ने हो भने अङ्गुलिमालको घटना, अजातशत्रुको घटनालाई मात्र हेरे पनि पुग्छ । देवदत्तको कूसंगतमा परेर अजातशत्रुले के कस्ता कार्यहरू गरे । गुरूको आफ्नो निजी स्वार्थको कारण अङ्गुलिमालले कति भयङ्कर कार्य गर्न लागेको थियो, जुन कार्य गरेको भए अङ्गुलिमाललाई दुःखबाट मुक्त हुने मार्ग समेत प्राप्त हुने थिएन । यसरी आफ्ना शिष्यहरूलाई गलत मार्गमा धकेल्ने गुरूहरू भयो भने त्यसले शिष्यहरूलाई मर्मत गर्न नै नसकिने गरिकन बिगारिदिन सक्छन् । त्यसकारण गुरू बन्नेहरू शुद्ध र स्वच्छ विचार भएकाहरू, अलिकति पनि स्वार्थपन नभएकाहरू, निस्वार्थरूपमा काम गर्न जान्नेहरू, अर्काको हितउपकारको लागि म गुरू बनिराखेको हुँ भनेर राम्रोसंग सचेत भएका व्यक्तिहरू अवश्य पनि हुनु आवश्यक छ ।

यसरी सात प्रकारका यी गुणहरूले सम्पन्न व्यक्तिहरू भयो भने उनीहरूलाई साँच्चैको गुरू भन्न मिल्छ । त्यस्ता व्यक्तिहरूको सत्संगत प्राप्त भयो भने हामी हाम्रो जीवनलाई सुधार गरेर लैजान सक्छौं, आफ्नो



Downloaded from http://dhamma.digital

जीवनलाई उच्च बनाउन सक्छौं, शुद्ध बनाउन सक्छौं । अनि मात्र हाम्रो जीवन विकसित हुन्छ, उन्नति अभिवृद्धि हुन्छ । त्यसकारण मानिसहरूलाई सही निर्देशन अति नै आवश्यक छ र त्यो सही निर्देशन साँच्चैको गुरू भनाउँदाहरूबाट प्राप्त हुन्छ । जब अघि उल्लेख गरेर आएका सात प्रकारका गुणहरू मानिसहरूमा विद्यमान हुन्छन्, तब उनीहरूलाई कसैले पनि नराम्रा व्यक्तिहरू भनेर भन्न सक्दैन । उनीहरूको जीवन सँधै शुद्ध र स्वच्छ भइरहन्छ, सही गलत, कारण अकारणलाई बुझ्नसक्ने, दूरदर्शिताले युक्त हुन्छन्, तिनीहरूलाई नै सत्पुरुष भनेर भनिन्छ, कल्याणमित्र भनेर भनिन्छ, योग्य व्यक्तिहरू भनेर भनिन्छ । यस्ता सत्पुरुष कल्याणमित्रहरूको सत्संगत गर्नाले हामलिाई के कस्ता फाइदाहरू हुन्छन् भन्ने विषयलाई संयुक्त निकाय, सगाथावर्ग, सब्भि सूत्रमा उल्लेख गरिराखेको छ ।

भगवान् बुद्ध श्रावस्ती जेतवन विहारमा विराजमान भइराख्नुभएको बेलामा मध्यरातमा सात जना देवपुत्रहरू आफ्नो गुरूको गुण वर्णन गर्नको लागि भगवान् बुद्धकहाँ आएका थिए । साँच्चैको सही गुरूको आश्रय प्राप्त भएकोले, उसको सत्संगत गर्न पाएकोले आफूहरूको जीवन शुद्ध भइ, सुखमय भइराखेको कारण हर्षले गद्



Downloaded from http://dhamma.digital

गद् भई भगवान् बुद्ध समक्ष आफ्नो गुरूको प्रशंसा गर्न आएका थिए ।

एकजना देवपुत्रले भगवान् बुद्धलाई यसरी प्रार्थना गरे -

**सब्भिरेव समासेथ, सब्भि कुब्बेथ सन्थवं ।**

**सतं सद्धम्ममञ्ञाय, सेय्यो होति न पापियो ।**

"भगवान् शास्ता ! यो संसारमा साँच्चै नै सत्संगत गर्न लायकका व्यक्तिहरू भनेका सत्पुरुषहरू नै हुन् । त्यसकारण हामीले सबैलाई प्रेरणा दिइराखेका छौं कि - ओ महानुभावहरू ! यहाँहरूले सत्पुरुषहरूको मात्र सत्संगत गर्नु । सत्पुरुषहरूसंग मात्रै मित्रताको सम्बन्ध राख्नु । किन सत्पुरुषहरूको संगत गरेर उनीहरूसंग मित्रता राख्नुपर्‍यो त भन्दा उनीहरूको संगत गर्ने बेलामा सत्पुरुषहरूको धर्म सद्धर्म जान्ने बुझ्ने अवसर पाउँछ । र त्यो सद्धर्मलाई जाने बुझेको व्यक्तिलाई कहिले पनि नराम्रो हुँदैन । सदैव राम्रो नै भइराखेको हुन्छ ।"

यहाँ सद्धर्म भन्नाले के हो त ? सत्पुरुषहरूको धर्म, जुन प्रत्यक्षरूपले विद्यमानधर्म, सहीरूपमा देशना गरिराखेको धर्म, थ्याक्क मिल्ने गरीकन देशना गरिराखेको धर्म, सत्यताले युक्त धर्म हो । अरूहरूलाई राम्रो बनाइदिने,



Downloaded from http://dhamma.digital

जीवनलाई स्वच्छ बनाइदिने त्यो सद्धर्म भनेको यो संसारमा परियत्ति सद्धर्म भनेर पनि छ, प्रटिपत्ति सद्धर्म भनेर पनि छ, प्रटिवेध सद्धर्म भनेर पनि छ। तथागत बुद्धले यो गर्नुहुन्छ, यो गर्नुहुँदैन भनेर आज्ञा भइराखेका विषयहरूमा गर्नुपर्ने कुराहरूको पनि अध्ययन गर्नुपर्छ, गर्न नहुने कुराहरूको पनि अध्ययन गर्नुपर्छ । गर्नु हुने र नहुने दुई प्रकारका धर्महरूलाई हामीले अध्ययन गरेर जानिराख्यो भने हामीमा परियत्ति सद्धर्म छ भनेर भन्न सकिन्छ। त्यसपछि आफुले जानेबुझेको ती सद्धर्महरूलाई व्यावहारिक कार्यमा पनि प्रयोग गर्न सक्नुपर्छ। त्यसरी व्यावहारिक रूपमा प्रयोग गर्नु, आचरण गर्नुलाई प्रटिपत्ति सद्धर्म भनिन्छ । जुन कार्य गर्नु हुँदैन भनेर उल्लेख गरिराखेको छ, त्यो कार्य नगर्नुलाई पनि प्रटिपत्ति सद्धर्म भनिन्छ । जुन कार्यहरू गर्नुपर्छ भनेर उल्लेख गरिराखेको छ, ती कार्यहरू गर्नुलाई पनि प्रटिपत्ति सद्धर्म भनेर भनिन्छ । प्रटिपत्ति सद्धर्मका विभिन्न क्षेत्रहरू छन् - शील आचरण, समाधि आचरण, प्रज्ञा आचरण । जुन भगवान् बुद्धले शील समाधि प्रज्ञा तीन शिक्षाहरू हाम्रो आफ्नो जीवन सुधारको लागि आज्ञा भइराख्नुभएको छ, ती शिक्षाहरू, उपदेशहरू अनुसार कार्य गर्नु आचरण गर्नुलाई प्रटिपत्ति सद्धर्म भनेर भनिन्छ।

जुनबेला हामीले यो प्रटिपत्ति सद्धर्ममा लागेर



Downloaded from http://dhamma.digital

त्यसको परिणाम आफैंले प्रत्यक्षरूपमा अनुभव गर्ने हुन्छौं, त्यसलाई प्रतिवेध सद्धर्म भनेर भनिन्छ । आचरण गरेको कारण आफूमा जानि बुझिआएको ज्ञान, अनुभवहरू । खालि श्रवण गरेर सुनेर, विचार गरेर उत्पन्न भएको ज्ञान होइन । आफ्नै व्यक्तिगत प्रत्यक्ष अनुभवद्वारा सही, गलत, ठीक, बेठीक, राम्रो, नराम्रो भनेर छुट्याउन सक्ने हुन्छ । सत्य र असत्यलाई राम्रोसंग यथार्थरूपमा विचार गरी हेर्न सक्ने हुन्छ । त्यो अवस्थामा प्रतिवेध सद्धर्म भनिने राम्रो स्वभाव हामीमा उत्पन्न हुन्छ । जुनबेला प्रतिवेध सद्धर्म हामीमा हुन्छ अनि मात्र हामी साँच्चैको शुद्ध जीवन बिताइराखेका हुन्छौं । यसरी सद्धर्मलाई जान्ने बुझ्ने बाटो हामीलाई कहाँबाट प्राप्त हुन्छ त भन्दा सत्पुरुषहरूको संगतबाट मात्रै प्राप्त हुन्छ । त्यसरी सत्पुरुषहरूको संगतद्वारा सद्धर्मलाई बुझ्ने अवस्थामा कस्तो परिणाम निस्कने हुन्छ त भन्दा सेय्यो होति - श्रेष्ठ नै हुन्छ, राम्रो नै हुन्छ । न पापियो - नराम्रो भनेको कहिल्यै हुँदैन । सुखमय जीवनको चाहना गर्ने व्यक्तिहरूले त्यो सुखमय जीवनको चाहना गरेर मात्र पुग्दैन । सुख भनेको त्यत्तिकै आउँदैन । आफूले राम्रो कुशल काम गरे मात्रै हामीलाई सुखमय जीवन प्राप्त हुन्छ । यदि हामीले नराम्रो अकुशल कार्य गऱ्यौं भने चाहे पनि, नचाहे पनि त्यसको दुष्परिणाम



Downloaded from http://dhamma.digital

त भोग्नुपर्ने नै हुन्छ। त्यो दुष्परिणामबाट हामी कदापि बच्न सक्दैनौं । त्यसैले आफ्नो जीवनमा संधैं उन्नति अभिवृद्धि चाहन्छौं, राम्रो बनाउन चाहन्छौं भने अघि देवपुत्रले भने जस्तै कल्याण गुणले सम्पन्न सत्पुरुषहरूको सत्संगत गर्नुपर्ने हुन्छ।

फेरि अर्को देवपुत्रले भगवान् बुद्धलाई यसरी निवेदन गरे -

**सब्भिरेव समासेथ, सब्भि कुब्बेथ सन्थवं।**

**सतं सद्धम्ममञ्ञाय, पञ्ञा लब्भति नाञ्ञतो।**

सत्पुरुषहरूको सत्संगतद्वारा राम्रो जीवन मात्र प्राप्त हुने होइन कि प्रज्ञा पनि प्राप्त गर्न सकिन्छ। प्रज्ञा भन्नाले जान्नुपर्ने बुझ्नुपर्ने विषयहरूलाई एक किसिमले मात्र होइन, विभिन्न किसिमले, सबै एकै ठाउँमा मिसाएर होइन, एउटा एउटा छुट्याएर, विभाजन गरेर, छुट्टाछुट्टै जान्न बुझ्न सक्नुलाई नै पञ्ञा अथवा प्रज्ञा भनेर भनिन्छ। पञ्ञामा 'प' को अर्थ छुट्टाछुट्टै, अलग अलग रूपमा, विभाजन गरेर। 'ञा' अथवा ज्ञा भनेको जान्नु बुझ्नु। त्यसैले पञ्ञा वा प्रज्ञा भन्नाले सबै विषयहरूलाई छुट्टाछुट्टै विभाजन गरेर ठीक छ कि छैन भनि आफूले स्पष्टरूपमा छुट्याएर हेर्न सक्ने ज्ञान बुद्धि हो। यस्तो



Downloaded from http://dhamma.digital

प्रज्ञा हामीमा छ भने हामी कहिले पनि अन्धकारमा पर्दैनौं। त्यसकारण नबुझ्नेलाई काटिदिने क्षमता, अन्धकारलाई हटाई प्रकाश दिने क्षमता भएको हुनाले प्रज्ञा शब्द यहाँ प्रयोग गरिराखेको हो। त्यस्तो ज्ञान भएको व्यक्तिलाई नै प्रज्ञावान् व्यक्ति भनेर भनिन्छ। त्यो प्रज्ञा पनि सत्पुरुषहरू मार्फत् नै प्राप्त हुन्छ।

त्यस्तो प्रज्ञा ज्ञान विवेक बुद्धि दूरदर्शिता भए मात्रै हाम्रो जीवन गतिलो हुन्छ, भयमुक्त हुन्छ, सुखमय हुन्छ, शान्तिपूर्ण हुन्छ। त्यसकारण त्यो देवताले भगवान् बुद्धलाई निवेदन गऱ्यो कि सत्संगत भनेको सत्पुरुषहरूको नै गर्न सक्नुपर्छ। मित्र सम्बन्ध भनेको सत्पुरुषहरूसंग नै राख्न सक्नुपर्छ। सत्पुरुषहरू मार्फत् सद्धर्म जान्ने बुझ्ने मौका प्राप्त हुने बेलामा प्रज्ञा ज्ञान वृद्धि भएर आउँछ। असत्पुरुषहरू, अन्धबालहरू मार्फत् प्रज्ञा ज्ञान वृद्धि हुँदैन।

त्यसपछि फेरि अर्को देवपुत्रले भगवान् बुद्धलाई निवेदन गरे -

**"सब्भिरेव समासेथ। सब्भि कुब्बेथ सन्थवं।**
**सतं सद्धम्ममञ्ञाय। सोकमज्झे न सोचति।"**

"भगवान् शास्ता ! सत्पुरुषहरूको नै सत्संगत गर्नुपर्छ। सत्पुरुषहरूसंग नै मैत्री सम्बन्ध राख्न सक्नुपर्छ।



Downloaded from http://dhamma.digital

सत्पुरुषहरूमार्फत् सद्धर्म जान्ने बुझ्ने अवसर प्राप्त भई शोकको बीचमा रहिरहेका हामीहरू शोकबाट मुक्त भइ निस्सोकी हुन्छौं ।"

यो संसार भनेको बडो विचित्रको छ । आज हाँसी खेलि बस्न पाएता पनि भोलि फेरि रूनुपर्ने अवस्था हुन्छ । आज मलाई एकदमै सुख भइराखेको छ भनेर उफ्री उफ्री बसेता पनि भोलि गएर शिर ठाडो पारी हिड्न नसक्ने अवस्था हुन्छ । छाती पिटी पिटी रूनुपर्ने विलाप गर्नुपर्ने अवस्थामा पुगिराखेका हुन्छौं । यो हाम्रो जीवन शोकबाट अलग्ग भएको छैन । जबसम्म हामीमा सही ज्ञान हुँदैन । सही ज्ञानद्वारा आफूले आफूलाई थाम्न सक्ने क्षमता हुँदैन । आफूले आफूलाई नियन्त्रणमा राख्न सक्दैनौं । सहनशक्ति हामीमा हुँदैन, तबसम्म हामी शोकबाट मुक्त हुँदैनौं । हाहाकारबाट मुक्त हुँदैनौं । सदैव शोकमा नै डुबिराखेका हुन्छौं । मनमा सुख र शान्ति हुँदैन । सत्पुरुषहरूको सत्संगतद्वारा सद्धर्मलाई जान्ने बुझ्ने अवस्थामा हामीमा सहन शक्ति वृद्धि हुँदै आउँछ । मानसिक शक्ति वृद्धि हुँदै आउँछ। त्यो मानसिक शक्ति वृद्धि नहुञ्जेल हामी शोकबाट अलग्ग हुन सक्दैनौं । त्यो मानसिक शक्ति बनाउने कार्य सत्पुरुषहरूमार्फत् नै सिद्ध हुन्छ । त्यसकारण पनि देवपुत्रले शोकको बीचमा रहिरहेका हामीहरू शोकबाट



Downloaded from http://dhamma.digital

मुक्त हुन चाहन्छौं भने सत्पुरुषहरूको नै सत्संगत गर्नुपर्छ भन्ने कुरा तथागतलाई निवेदन गरेको हो ।

फेरि अर्को एक देवपुत्रले तथागतलाई निवेदन गरे कि -

**"सब्भिरेव समासेथ, सब्भि कुब्बेथ सन्थवं ।**

**सतं सद्धम्ममञ्ञाय, ञातिमज्झे विरोचति ।"**

"यदि सत्पुरुषहरूको सत्संगत प्राप्त भयो, सत्पुरुषहरूसंग मैत्री सम्बन्ध राखिराख्न सक्यो भने आफ्नो ज्ञातिबन्धुहरूको बीचमा पनि एकदमै तेज प्रकाशले सम्पन्न भई बस्नसक्ने हुन्छ ।"

जब हामीमा ज्ञानबुद्धि हुन्छ, जब हामीमा शोक थाम्न सक्ने मानसिक शक्ति हुन्छ, त्यो व्यक्तिले परिवारमा ठूलो मान्यता प्राप्त गर्छ । कसैले पनि उसलाई होच्याउन सक्दैन । दोषारोपन गर्न सक्दैन । त्यो व्यक्ति आउने बित्तिकै सबै ठाउँमा तेजिलो भएजस्तै हुन्छ । आफ्नो परिवारमा जान्ने सुन्ने कोही एकजना भयो भने त्यो परिवारको स्फूर्ति नै अर्कै हुन्छ । परिवारको स्थिति नै फरक भइराखेको हुन्छ । यहाँनिर जान्ने सुन्ने व्यक्ति भनेको किताब चाङ चाङ पढ्न सक्ने व्यक्तिलाई भन्न खोजेको हैन । साँच्चैको विवेक बुद्धि भएको, कारण



Downloaded from http://dhamma.digital

अकारण जान्ने व्यक्तिलाई भन्न खोजेको हो ।

फेरि अर्को देवपुले भगवान् बुद्धलाई यसरी निवेदन गरे -

**"सब्भिरेव समासेथ, सब्भि कुब्बेथ सन्थवं ।**

**सतं सद्धम्म मञ्ञाय, सत्ता गच्छन्ति सुगतिं ।"**

"सत्पुरुषहरूको नै सत्संगत गर्नुपर्छ । सत्पुरुषहरूसंग नै मैत्री सम्बन्ध राख्नुपर्छ । सत्पुरुषहरू मार्फत् सद्धर्म जान्ने अवसर पाएर सत्वप्राणीहरू सुगतिलोकमा जान्छन् ।" राम्रो, सुखले भरिपूर्ण स्थानमा जन्म लिन पाउनु भनेको सात प्रकारका गुणहरूले सम्पन्न सत्पुरूष भनाउँदा कल्यााणमित्रहरूको संगतले नै हो । सत्पुरुषहरूको सत्संगतद्वारा शुद्ध स्वच्छ धर्मलाई जान्ने थाहा पाउन सक्ने हुन्छ । धार्मिकपूर्वक, न्यायपूर्वक, निस्वार्थरूपमा धर्मलाई जान्न सक्ने हुन्छ । र त्यो जाने अनुसार अशुद्ध, अधार्मिक, अन्यायपूर्ण, स्वार्थपूर्ण कार्यहरू कहिल्यै गर्दैनन् । त्यसको परिणाम स्वरूप उनीहरू सुगतिगामी नै हुन्छन् ।

फेरि अर्को देवपुत्रले भगवान् बुद्धलाई यसरी निवेदन गरे -

**"सब्भिरेव समासेथ, सब्भि कुब्बेथ सन्थवं ।**

**सतं सद्धम्म मञ्ञाय , सत्ता तिट्ठन्ति सातत्तं ।"**



Downloaded from http://dhamma.digital

"सत्पुरुषहरूको नै सत्संगत गर्नुपर्छ। सत्पुरुषहरूसंग नै मैत्री सम्बन्ध राख्नुपर्छ। सत्पुरुषहरू मार्फत् सद्धर्म जान्ने अवसर पाएर नै सत्वप्राणीहरू सदैव सुखमा चिरस्थायी हुन्छन् ।" सत्वप्राणीहरूले जुन सुख प्राप्त गरेका छन्, त्यो क्षणिक सुख नभइकन सधैं उही रूपमा प्रवाह भइराखेको दिर्घकालीन सुख । सत्पुरुषहरूको सत्संगत प्राप्त भयो भने त्यस्तो दीर्घकालीन सुखमा स्थिर भएर रहन सक्नेहरू हुन्छन् ।

त्यसपछि सातौं देवपुत्रले भगवान् बुद्धलाई प्रार्थना गरे कि भगवान् शास्ता ! जुन देवपुत्रले सत्पुरुषहरूको सत्संगत गर्ने बारेमा परिणाम सहित निवेदन गऱ्यो, त्यो कुरा सुभाषित - राम्रोसंग भनिएका कुराहरू हुन् त ? भगवान् बुद्धले पनि सबैको कुरा सही हो, साँच्चै राम्रो कुरा हो । तैपनि मेरो कुरा पनि तिमीहरूले सुन्नु भनेर यो गाथा आज्ञा हुनुभयो -

**"सब्भिरेव समासेथ, सब्भि कुब्बेथ सन्थवं ।**
**सतं सद्धम्ममञ्ञाय, सब्बदुक्खा पमुच्चति ।"**

"सत्पुरुषहरूको संगत गर्नुपर्छ, सत्पुरुषहरूसंग मित्रसम्बन्ध राख्नुपर्छ, सत्पुरुषहरू मार्फत् सद्धर्म जानेर बुझेर सबै सांसारिक दुःखहरूबाट मुक्त हुनसक्छ ।"



Downloaded from http://dhamma.digital

सत्पुरुषहरूको सत्संगतद्वारा राम्रो फल मात्र प्राप्त हुने होइन, प्रज्ञा मात्र प्राप्त हुने होइन, शोकमुक्त मात्र हुने होइन, ज्ञातिबन्धुहरूको बीचमा जाज्वल्यमान मात्र हुने होइन ( गौरवान्वित मात्र हुने होइन ), सुगतिलोकमा मात्र पुग्ने होइन, दीर्घकालीन सुख मात्र प्राप्त हुने होइन। यो संसारमा भएभरका सबै दुःखहरूबाट मुक्त हुने मार्ग निर्देशन गर्ने व्यक्तिहरू नै सत्पुरुषहरू हुन्। सत्पुरुषहरूको संगतले नै सम्पूर्ण दुःखहरूबाट मुक्त हुन्छन्। त्यसकारण सम्पूर्ण दुःखहरूबाट मुक्त हुने मार्ग देखाउने व्यक्तिहरूलाई नै साँच्चैको सत्पुरुष, कल्याणमित्र गुरूहरू भनेर भनिन्छ।

अघि बताएर आएका सात प्रकारका कल्याणमित्रहरूको फल गुणले सम्पन्न हुनको लागि अरू आठ प्रकारका कारण गुणले पनि सम्पन्न हुनुपर्छ। कल्याणमित्र सत्पुरुषहरू सधैं श्रद्धाले परिपूर्ण हुनुपर्छ, शीलले परिपूर्ण हुनुपर्छ, त्यागले परिपूर्ण हुनुपर्छ, श्रुतमय ज्ञानले युक्त हुनुपर्छ, वीर्यवान् हुनुपर्छ, स्मृतिवान् हुनुपर्छ, समाधिले सम्पन्न हुनुपर्छ, प्रज्ञाले सम्पन्न हुनुपर्छ। यी आठ गुणहरूले सम्पन्न भएका व्यक्तिहरूलाई कल्याणमित्र सत्पुरुष भनिन्छ र उनीहरूको सत्संगतद्वारा सबैलाई कल्याण हुन्छ, मंगल हुन्छ। यस्ता गुणहरूले सम्पन्न कल्याणमित्रहरूको सहारा प्राप्त भयो भने यो बुद्धशासनको सम्पूर्ण कार्य नै सिद्ध हुन्छ भनेर



Downloaded from http://dhamma.digital

भगवान् बुद्धले आनन्द भन्तेलाई आज्ञा भइराख्नु भएको छ ।

यसरी कल्याणमित्रमा हुनुपर्ने गुणलाई राम्रोसंग बुझेर उनीहरूको संगत गरी आफ्नो जीवनलाई राम्रो बनाउँदै लानसक्यो भने यो वर्तमान जीवन सुखमय हुन्छ, अर्को जीवनमा पनि राम्रो नै हुन्छ भन्ने कुरालाई बुझी आफ्नो जीवनमा सुधार गर्दै जानसकोस् भन्ने आशिका गर्दै यो उपदेश यहीं टुङ्ग्याउन चाहन्छु ।

साधु साधु साधु

Dhamma.Digital



Downloaded from http://dhamma.digital

## महोपकारक महासी सयादोको कार्यान्वयन उपदेश सतिपट्ठान विपस्सना भावना निर्देशन अनुसार ध्यान गरिने ध्यान केन्द्रहरू

१. अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र,
बुद्धनगर, काठमाडौं, फोन: ५२४२०३१, ५२४२५६३

२. लुम्बिनी पण्डिताराम अन्तर्राष्ट्रिय विपश्यना ध्यान केन्द्र,
लुम्बिनी, फोन: ०७१-५८०११८

३. रत्न विपश्यना विहार,
सानो भऱ्याङ्ग, स्वयम्भू, फोन: ४८९०९४७

Downloaded from http://dhamma.digital